वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, स्याङजा जिल्ला ।

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

पून प्रकाशित मिति २०७८।९।२ गते)

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङजा २०७३

१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र यस वालिङ नगरपालिकको आन्तरिक आय संकलन तथा आय ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यविधि २०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखीत नदी/खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी वालिङ नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आर्थिक वर्ष २०७८/२०७९ को लागी नवीकरण भएको प्रमाणपत्र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ.व. २०७६/२०७७ को कर चुक्ता प्रमाण पत्र वा चालु आ.व. २०७८/२०७९ को म्याद थप को स्वीकृती पत्र, प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं | सूचना नं./ बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन परिमाण ( घन मिटर) | न्युनतम बोलपत्र रकम मु क. कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| २ | ठेक्का न. २/२०७८/२०७९ | सुकौदी पुलको मापदण्ड तल देखी वायखोला दोभान सम्म वालिङ ८/९/१० र बायखोला दोभान देखि तल वालिङ नगरपालिकाको समाना सम्म वडा न ९/१०/ १३ । | ८१००+ १२१४५= (२०२४५) | २७०००००.० | ७४२५०.० | ३०००.० |

**शर्तहरु**

२) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयको राजश्व खातामा नगदै तिरेको वा यस कार्यालयको नेपाल बैक ली. वालिङ शाखामा रहेको यसक कार्यालयको खाता नं. ०८३०३००००१००१००००१ म नगदै जम्मा गरेको नगद वा बैक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र बैक जम्मा गरेको बैक भौचर वा यस कार्यालयको राजश्व शाखामा राजश्व रकम तिरी बोलपत्र खरिद र यस दर्ता गर्न सकिनेछ । आफूले बोलकबोल गरेको अकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैक लि. वालिङ शाखामा रहेको धरौटी खाता नं. ०८३०३०००००३०००००००१ म जम्मा गरी सोको संकल बैक भौचर वा ईजाजत प्राप्त बैकबाट यस कार्यालयको नाम बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड बण्ड पेश गर्नु पर्नेछ ।

३) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन् र रीतपूर्वक पर्न आएका वोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ वजे देखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन् । उक्त दिन विदा परेका सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

४) प्रि विड बैठक यो सूचना प्रकाशित मितिले १५ दिन दिनको २ वजे वालिङ नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदां सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाधी रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन् वोलपत्र स्वीकृत गर्ने जा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित हरनेछ ।

६) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलेमा सुचना टांस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत रु.५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा २०७९ साल जेष्ठ १५ गते सम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टी -परफरमेन्ट बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सोवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सकरारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७) तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस वालिङ नगरपालिका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सर्न्दभमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा अनय प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८) **बोलपत्र फाराम खरिद/दर्ता गर्ने समय:**

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय: २०७८।९।१४ गते कार्यालय समय सम्म । | बोलपत्र दर्ता गर्ने अन्तिम मिति: २०७८।९।१५ गते, समय: १२.०० वजे भित्र | बोलपत्र खोल्ने मिति २०७८।९।१५ गते समय २.०० वजे |

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
२०७३

प्रमुख प्रशासकीय अधिकृत